# राक्सिराङ्ग गाउँपालिका

## राक्सिराङ्ग गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७४

गाउँसभाबाट स्वीकृत मिति: .......... २०७५/०१/०७

राक्सिराङ्ग गाउँपालिका

मकवानपुर जिल्ला

३ नं. प्रदेश, नेपाल

## राक्सिराङ्ग गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक , २०७४

**प्रमाणीकरण मिति :** २०७४/ /

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम राक्सिराङ्ग गाउँपालिकाको दोस्रो गाउँसभाले यो विधेयक बनाएको छ ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो विधेयकको नाम राक्सिराङ्ग गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७४ रहेको छ ।

(२) यो विधेयक राक्सिराङ्ग गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले राक्सिराङ्ग गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले राक्सिराङ्ग गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका”भन्नाले राक्सिराङ्ग गाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त राक्सिराङ्ग गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**<u>निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः</u>**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही राक्सिराङ्ग गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।